October 1, 2025

National News

<u>प्रमुख समाचार</u>

१.  विजयदशमीको पूर्व सन्ध्यामा राष्ट्रपतिद्वारा राष्ट्रलाई शुभकामना व्यक्त

२.  केन्द्रिय मन्त्रीपरिषदले सरकारी कर्मचारी र पेन्सनभोगीहरूका लागि महँगीमा भत्ताको वृद्धिलाई गऱ्यो अनुमोदन

३.  प्रधानमन्त्रीद्वारा फिलिपिन्समा भूकम्पबाट भएको जनधनको क्षतिप्रति दुःख व्यक्त

४.  रक्षामन्त्रीले रक्षा लेखा विभाग दिवस २०२५ समारोहलाई गर्नुभयो

सम्बोधन

५.  भारत र उज्बेकिस्तानबीच आतङ्कवाद विरोधी क्षेत्रमा द्विपक्षीय सहयोगलाई सुदृढ पार्ने उपायहरूबारे छलफल

<u>PREZ-VIJAYADASHAMI</u>

राष्ट्रपति द्रौपदी मुर्मुले विजयादशमीको पूर्वसन्ध्यामा राष्ट्रलाई शुभकामना व्यक्त गर्नुभएको छ। सन्देशमा राष्ट्रपतिले सबै नागरिकलाई शुभकामना दिँदै, यो पर्व अधर्ममाथि धर्मको विजयको प्रतीक भएको अनि यसले मानिसहरूलाई सत्य र न्यायको मार्गमा हिँड्न प्रेरित गर्ने बताउनुभयो। राष्ट्रपतिले भन्नुभएको छ, यस पर्वले सबैलाई यस्तो समाज र देश निर्माण गर्न प्रेरित गर्नेछ जहाँ सबै मानिस न्याय, समानता र सद्भावको विचारबाट प्रेरित भई एकसाथ अगाडि बढ्नेछन्।

<u>Cabinet-Employee</u>

केन्द्रीय मन्त्रिपरिषद्ले केन्द्रीय सरकारी कर्मचारीहरूका लागि महँगी भत्ता र पेन्सनभोगीहरूका लागि महँगी राहतमा तीन प्रतिशत वृद्धिलाई अनुमोदन गरेको छ। सूचना तथा प्रसारण मन्त्री अश्विनी वैष्णवले यसले लगभग ४९ लाख २० हजार केन्द्रीय सरकारी कर्मचारीहरू र ६८ लाख ७० हजार पेन्सनभोगीहरूलाई फाइदा पुऱ्याउने नयाँ दिल्लीमा मन्त्रिपरिषद्को बैठकपछि जानकारी दिनुभयो। यो वृद्धि यस वर्षको जुलाई १ देखि लागू

हुनेछ।
साथै, केन्द्रीय मन्त्रिपरिषद्को आर्थिक मामिला समितिले ५ हजार ८६२ करोड रुपियाँभन्दा बढीको लागतमा देशभरि ५७ वटा नयाँ केन्द्रीय विद्यालय खोल्ने प्रस्तावलाई अनुमोदन गरेको छ। श्री वैष्णवका अनुसार २० वटा केन्द्रीय विद्यालयहरू हाल केन्द्रीय विद्यालय नभएका जिल्लाहरूमा खोलिनेछन्।

PM-Philipines

प्रधानमन्त्री नरेन्द्र मोदीले फिलिपिन्समा भूकम्पबाट भएको व्यापक जनधनको क्षतिप्रति दुःख व्यक्त गर्नुभएको छ। उहाँले शोकसन्तप्त परिवारप्रति समवेदना व्यक्त गर्दै, घाइतेहरूको शीघ्र स्वास्थ्यलाभको कामना गर्नका साथै यस कठिन घडीमा भारत फिलिपिन्ससँग ऐक्यबद्धतामा उभिएको बताउनुभयो।

Rajnath

रक्षामन्त्री राजनाथ सिंहले आज नयाँ दिल्लीमा रक्षा लेखा विभाग दिवस २०२५ समारोहलाई सम्बोधन गर्दै, सरकारले जीएसटी कर दरहरूलाई युक्तिसङ्गत बनाएपछि रक्षा खरिदमा प्रत्यक्ष प्रभाव पर्ने बताउनुभयो। उहाँले यसलाई प्रगतिशील कदमक ा रूपमा वर्णन गर्दै, जीएसटी दरहरूमा कटौती गर्नाले थप खरिदलाई सक्षम बनाउनेछ भन्नुभयो। रक्षा मन्त्रीले रक्षा बजेटको संरक्षकका रूपमा रक्षा लेखा विभागले अनुसन्धान र विकासलाई सहज बनाउनमा ठूलो भूमका खेल्नका साथै पेन्सन र कल्याणकारी योजनाहरू, स्रोत उपयोग र युद्धको समयमा युद्ध तयारीमा पनि महत्त्वपूर्ण भूमिका खेल्ने बताउनुभयो।

Foreign Ministry-China

विदेशमन्त्री डा. एस. जयशंकरले आज आफ्ना चिनियाँ समकक्षी वाङ यी र चिनियाँ जनतालाई जनवादी गणतन्त्र चीनको स्थापना दिवसको शुभकामना दिनुभयो। डा. जयशंकरले चीनसँगको सम्बन्धलाई स्थिर बनाउन र पारस्परिक विश्वास पुनर्निर्माण गर्न आफू उत्सुक रहेको बताउनुभएको छ।

INDIA-UZBEKISTAN

भारत र उज्बेकिस्तानले आतङ्कवाद विरोधी क्षेत्रमा द्विपक्षीय सहयोगलाई सुदृढ पार्ने उपायहरूबारे छलफल गरेका छन्। तास्कन्दमा आयोजित भारत-उज्बेकिस्त ान संयुक्त कार्य समूहको आतङ्कवादविरोधी पहलसम्बन्धी नवौँ बैठकमा दुवै पक्षले आतङ्कवादी समूहहरूबाट उत ्पन्न खतराहरूको जाँच गरे। बैठकका क्रममा उज्बेकिस्तानले पहलगामम ा निर्दोष नागरिकहरूमाथि भएको आतङ्कवादी आक्रमणको निन्दा गरेको छ। विदेश मन्त्रालयले दिएको जानकारी अनुसार, दुवै देशले अतिवाद र कट्टरपन्थीकरणको

प्रतिरोध, आतङ्कवादको वित्तपोषण विरुद्ध सङ्घर्ष, आतङ्कवादी गतिविधिका लागि प्रविधिको प्रयोग रोक्ने विषयमा विचार आदानप्रदान गरे।

## World Summit

दुबईमा ११ औँ विश्व हरित अर्थतन्त्र शिखर सम्मेलन आज वर्ल्ड ट्रेड सेन्टरमा सुरु भयो, जसमा ३० भन्दा बढी देशका ३ हजार३०० भन्दा बढी सहभागीहरू सहभागी थिए। "प्रभावका लागि नवप्रवर्तन: हरित अर्थतन्त्रको भविष्यलाई गति दिने" विषयका दुईदिने भेलामा नीति निर्माता, व्यवसायी, लगानीकर्ता र नवप्रवर्तकहरूले भाग लिइरहेका छन्। यस केन्द्‌्रले दिगो विकास र जलवायु कार्यका लागि विश्वव्यापी केन्द्रका रूपमा दुबईको स्थितिलाई प्रतिबिम्बित गर्दछ। पानी, ऊर्जा, प्रविधि र वातावरण प्रदर्शनी २०२५ का साथ आयोजित शिखर सम्मेलनले शुद्ध-शून्य लक्ष्यहरू प्राप्त गर्न र हरित रूपान्तरणलाई अगाडि बढाउन सहयोगी प्रयासहरूलाई प्रकाश पार्नेछ। उद्घाटन समारोहका छलफलहरू परिवर्तनको महत्त्वपूर्ण प्रेरणाका रूपमा प्रविधि एकीकरण, नीतिगत ढाँचा, जलवायु वित्त, समानता र युवा संलग्नतामा केन्द्रित थिए।

## RBI Monetary Policy

भारतीय रिजर्भ ब्याङ्कले चालू आर्थिक वर्षक ा लागि आफ्नो जीडीपी वृद्धि अनुमानलाई ६.८ प्रतिशतमा संशोधित गरेको छ। यसले चालू आर्थिक वर्षक ा लागि मुद्रास्फीतिको अनुमानलाई पनि २.६ प्रतिशत राखेको छ, जुन पहिलेको अनुमानभन्दा कम हो। यस वर्ष अगस्टमा, आरबीआई-ले आर्थिक वर्ष २०२५-२६ क ा लागि जीडीपी वृद्धि ६.५ प्रतिशत र मुद्रास्फीति ३.१ प्रतिशत हुने अनुमान गरेको थियो। यसैबीच, आरबीआई-ले ब्याजदरलाई अपरिवर्तित राखेको छ। आरबीआई-का गभर्नर संजय मल्होत्राले आज मुम्बईमा चालू आर्थिक वर्षक ा लागि चौथो द्विमासिक मौद्रिक नीति घोषणा गर्नुभयो र आरबीआई-ले आफ्नो रेपो दर ५.५ प्रतिशतमा अपरिवर्तित राख्ने निर्णय गरेको बताउनुभयो। साथै, उहाँले मौद्रिक नीति समिति,एम.पी.सी-ले नीतिगत रेपो दरलाई अपरिवर्तित राख्न सर्वसम्मतिले मतदान गरेको र तटस्थ अडान जारी राख्ने निर्णय गरेको जानकारी दिनुभएको छ।

## Philippines Tremor

मध्य फिलिपिन्समा गएको भूकम्पबाट मृत्यु हुनेको संख्या उनत्तर पुगेको छ। फिलिपिन्स नागरिक रक्षा कार्यालयका अनुसार अझै पनि मानिसहरू भग्नावशेषमुनि फसेका छन्। अधिकारीहरूले बेपत्ताहरूको पहिचान पुष्टि गरिरहेका छन्। फिलिपिन्सको मध्य भिसाय क्षेत्रको तटीय शहर सेबुमा गएराति गएको ६.९ म्याग्निच्युडको शक्तिशाली भूकम्पमा १५० भन्दा बढी घाइते भएका छन्। भूकम्पको धक्का मध्य फिलिपिन्सका धेरै प्रान्त साथै दक्षिणी

फिलिपिन्सका केही क्षेत्रमा महसुस गरिएको थियो।

## DPIIT

उद्योग तथा आन्तरिक व्यापार प्रवर्धन विभाग, DPIIT ले आज भारतको बायोटेक्नोलोजी क्षेत्रको नवप्रवर्तनलाई तीव्र पार्न र उच्च-बृद्धि भएका स्टार्टअपहरूको बलियो स्रोतलाई पोषण गर्न थर्मो फिशर साइन्टिफिकसँग समझदारी पत्रमा हस्ताक्षर गरेको छ। वाणिज्य तथा उद्योग मन्त्रालयले दिएको जानकारी अनुसार, यस साझेदारीले आगामी तीन वर्षमा रणनीतिक सल्लाहकार, प्रविधि पहुँच, परामर्श र लगानीकर्तासँगको सम्पर्कमार्फत ५०० भन्दा बढी बायोटेक स्टार्टअपहरूलाई सहयोग गर्ने लक्ष्य राखेको छ। कार्यक्रममा बोल्दै, DPIIT का सहसचिवले स्टार्टअप इन्डिया, DPIIT र थर्मो फिशर साइन्टिफिकबीचको सहकार्यले देशको बायोटेक्नोलोजी इकोसिस्टमलाई बलियो बनाउने दिशामा महत्त्वपूर्ण कदम रहेको बताउनुभयो।

## Weather

मौसम विभागले भोलिदेखि यस महिनाको ४ तारिखसम्म पूर्वोत्तर भारतका केही स्थानमा वर्षा बढ्ने र भारी वर्षा हुने चेतावनी जारी गरेको छ। विभागका अनुसार आगामी दुईदेखि तीन दिनमा छत्तीसगढ, तटीय आन्ध्र प्रदेश, सौराष्ट्र र कच्छका केही स्थानमा भारी वर्षा हुन सक्छ। मौसम विभागले भोलि पनि तटीय आन्ध्र प्रदेश र यनममा यस्तै अवस्था रहने सम्भावना रहेको बताएको छ। यसैबीच, मौसम विभागले आज अन्दमान र निकोबार द्वीप, तटीय आन्ध्र प्रदेश, गांगेय पश्चिम बंगाल र ओडिशाका केही स्थानमा तेज हावा चल्ने पूर्वानुमान गरेको छ।

## WOMEN'S BLIND T20

श्रीलंका र भारतले पहिलो पटक दृष्टिविहीनहरूका लागि महिला T-20 विश्वकप क्रिकेटको सह-आयोजना गर्ने तयारी गरेका छन्, जुन अर्को महिना ११ तारिखदेखि २३ सम्म आयोजना हुनेछ। प्रतियोगिता नयाँ दिल्लीमा उद्घाटन र पाँच खेलहरूसहित सुरु हुनेछ, त्यसपछि बेंगलुरुमा चार खेलहरू हुनेछन्। कोलम्बोले समापन चरणको आयोजना गर्नेछ, जसमा नोभेम्बर २३ मा सेमिफाइनल, फाइनल र समापन समारोह सहित १५ खेलहरू आयोजना गरिनेछन्।